का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ फागुन २०८०,
शनिबार
9 March 2024,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



मोरङको सुन्दर हरैंचा नगरपालिकास्थित शिव पञ्चायन मन्दिरमा शिवराधिको अवसरमा शुक्रबार सहभागी भक्तजन । शुक्रबार देशभरका शिवालयहरुमा दर्शनार्थीको घुइँचो लागेको थियो । तस्वीर: मणिराम दाहाल, रासस

## सरकारबाट हट्दा डा. शशांक खुसी !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ फागुन ।

नेपाली कग्रेसमा नेता डा. शशांक कोइराला प्रभावशाली छन् । पूर्वमहामन्त्री समेत रहेका डा. कोइराला पार्टीभित्र आफ्नो योजना सुनाउन र कार्यान्वयन गराउन सक्ने हैसियतमा छन् । हालै कांग्रेस समेतको सत्ता समीकरण बदलिएर नयाँ गठबन्धन बनेकोप्रति सार्वजनिक रुपमै खुसी प्रकट गरेपछि उनी आम चासोमा परेका छन् ।

पार्टी सरकारबाट बाहिरएपछि कांग्रेस नेता/कार्यकर्तामा निराशा छाएको कतिपयको टिप्पणी आइरहेका बेला कांग्रेसकै पूर्वमहामन्त्री डा. शशांक कोइरालाले नयाँ गठबन्धन बनेकोप्रति सार्वजनिक रुपमै खुसी प्रकट गरेका हुन् ।

विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले गठबन्धन टुट्नु पार्टीका लागि वरदान भएको बताउँदै खुसी व्यक्त गरे । अब पार्टीलाई एक बनाएर अगाडि बढ्नुपर्ने र यसका लागि गठबन्धन टुट्नु आफ्नो लागि खुसीको कुरा भएको दोहोऱ्याए ।

'गठबन्धन टुट्नु सत्तावादीको खेल हो । प्रचण्ड र ओलीज्यू उहाँहरूले पहिला गठबन्धन गर्नुभयो । फेरि हामीतर्फ आउनुभयो । »» पृष्ठ २ मा

पार्टी सरकारबाट बाहिरएपछि कांग्रेस नेता/कार्यकर्तामा निराशा छाएको कतिपयको टिप्पणी आइरहेका बेला कांग्रेसकै पूर्वमहामन्त्री डा. शशांक कोइरालाले नयाँ गठबन्धन बनेकोप्रति सार्वजनिकरुपमै खुसी प्रकट गरेका हुन् ।



> कांग्रेस-माओवादीको गठबन्धन टुट्नु मेरा लागि लुकेको एउटा खुसी हो । अब हामीले पार्टीलाई एक बनाएर अगाडि बढ्नुपर्छ । प्रतिपक्षमा मात्रै बसेर कडा भूमिका निर्वाह गर्नुपर्छ ।
>
> **■ डा. शशांक कोइराला**
> **पूर्वमहामन्त्री, कांग्रेस**

## प्रदेश सचिव संघबाट नराख्न दबाब

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २५ फागुन ।

प्रदेश सरकारहरुले प्रदेश सचिव संघबाट नराख्न दबाब बढाएका छन् । यही बेला स्थानीय सरकारहरु प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाकै हुनुपर्ने भनिरहेका छन् । संघीय निजामती सेवा विधेयक संसदमा दर्ता भएसँगै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र प्रदेश सचिव प्रदेश सेवाको हुनेगरी सरकारकोवालाहरुले दबाब बढाएका हुन् । कर्मचारी तन्त्र भने यो विषयमा विभाजित छ ।

सरोकारवालाहरुको दबाब र आफ्नो अध्ययन प्रतिवेदनका आधारमा संसदीय समितिले पनि प्रदेश सचिव संघीय निजामती सेवाबाट नराख्न सुझाएको छ । राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिले संघीय सरकारलाई प्रदेशको सचिव प्रदेश निजामती सेवाकै कर्मचारी हुनुपर्ने सुझाव दिएको हो ।

समितिले यसअघि सात वटै प्रदेशमा पुगेर अन्तरक्रियात्मक कार्यक्रम गरेको थियो । त्यसआधारमा तयार 'तहगत अन्तरसम्बन्ध र समन्वय विषयक अध्ययन प्रतिवेदन-२०८०' मार्फत समितिले संघीय सरकारलाई सुझाएको छ, 'प्रदेश निजामती सेवाका कर्मचारी प्रदेशको सचिव भएर सेवा गर्न पाउने व्यवस्था गर्ने ।'

हालै सरकारले प्रतिनिधि सभामा संघीय निजामती सेवा विधेयक पेश गरेको छ । उक्त विधेयकमा ऐन जारी भएपछि १० वर्षसम्म प्रदेश सचिव संघीय निजामती सेवाकै हुने व्यवस्था प्रस्ताव गरिएको छ । संसदीय समितिको अध्ययन प्रतिवेदनले भने प्रदेश मन्त्रालयमा संघीय सेवाका कर्मचारी हुने र खटनपटन संघबाटै हुने व्यवस्थाले संघीयता कार्यान्वयनमै असर परेको निष्कर्ष निकालेको छ ।

प्रदेशमा प्रदेश निजामती सेवा कर्मचारी पूर्ति नहुँदासम्म संघीय सेवाको कर्मचारी पठाएता पनि खटनपटन मुख्यमन्त्रीबाट हुनुपर्ने व्यवस्थाका लागि संसदीय समितिले सुझाएको छ । 'संघीय रकारले प्रदेश र

> संघीय निजामती सेवा विधेयक संसदमा दर्ता भएसँगै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र प्रदेश सचिव प्रदेश सेवाको हुनेगरी सरकारकोवालाहरुले दबाब बढाएका हुन् । कर्मचारी तन्त्र भने यो विषयमा विभाजित छ ।

स्थानीय तहमा खटाउने तथा सरुवा हुने कर्मचारी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा जानकारी हुने गरी खटनपटन गर्नुपर्ने' प्रतिवेदमा भनिएको छ ।

स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाकै हुनुपर्ने स्थानीय सरकारको भनाइ रहेको भन्दै संसदीय समितिले संघीय निजामती सेवा ऐन बनाउँदा ख्याल गर्न संघीय सरकारलाई सुझाएको छ । ' प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहको आफ्नै सेवाको कर्मचारी हुनुपर्छ भन्ने गुनासो स्थानीय तहबाट प्राप्त भएकाले संघीय निजामती सेवा ऐनमा सो विषयमा ध्यान दिनु आवश्यक रहेको' अध्ययन प्रतिवेदनमा छ ।

### संघीयता लागू गर्न आयोग बनाइने !

संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले संघीयता कार्यान्वयनका लागि छुट्टै आयोग बनाउन सुझाएको छ। 'संघलाई छिटो छरितो, चुस्त दुरुस्त बनाउने र प्रदेश र स्थानीय तहलाई आवश्यक सहयोग गर्ने गरी उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गरी प्रशासनिक संघीयता कार्यान्वयन गर्ने'संसदीय समितिको सुझाव छ ।

संघीयता कार्यान्वयनले तीव्रता पाउन नसकेको निष्कर्षसहिति समितिले अगाडि सुझाएको छ, 'संघीयता कार्यान्वयन सम्बन्धी नेपाल सरकारले गर्न बाँकी कामको लगत बनाइ कार्ययोजना निर्माण गर्ने ।'

यसअघि राष्ट्रिय सभाले संघीयता कार्यान्वयन अध्ययन अनुगमन कविशेष समिति गठन गरेर सात वटै »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## वैदेशिक रोजगारका लागि १४५ मेडिकल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ फागुन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि १ सय ४५ स्वास्थ्य संस्था नवीकरण गरेको छ । मन्त्रालयले वैदेशिक रोजगार ऐनको दफा ७२ को व्यवस्थाबमोजिम वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि २०७२ बमोजिम ती संस्थाहरूको नवीकरण गरेको हो ।




संस्थाहरुलाई गत माघ १ गतेदेखि आगामी २०८३ साल माघ १८ गतेसम्मका लागि नवीकरण तथा सूचीकरण गरिएको मन्त्रालयले जनाएको छ । ऐनको दफा ७२ अनुसार वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गराउन इच्छुक स्वास्थ्य संस्थाहरूले सूचीकरण, नवीकरण भएको मितिदेखि तेस्रो वर्षको पुस मसान्तसम्ममा नवीकरण हुन निवेदन दिनुपर्ने प्रावधान छ ।

यसअघिको नवीकरणमा २ सय १६ स्वास्थ्य संस्थाहरू नवीकरण तथा सूचीकरण भएका थिए । यस पटक सूचीकरण तथा नवीकरण हुनेमा उपत्यका बाहिरका २३ र उपत्यकामा कार्यालय रहेका १ सय २२ मेडिकल सेन्टरहरू रहेका छन् ।

## गठबन्धन टिक्नेमा आशंका

गत २१ फागुनमा बनेको सत्ता गठबन्धन टिकाउन सजिलो नरहेको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र प्रमुख सत्ता साझेदार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले ब्रिफिङ गरेका छन् ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २५ फागुन ।

प्रमुख सत्ता साझेदार दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नयाँ सत्ता गठबन्धन बाँकी चार वर्ष नै टिकाउनुपर्ने बताएका छन् । केन्द्रीय मूख्यालय च्यासलमा शुक्रबार बिहान बसेको सचिवालय बैठकमा यो गठबन्धनलाई जसरी पनि टिकाउनुपर्ने बताए ।

'यो गठबन्धनलाई चारै वर्ष टिकाउनुपर्छ, मुलुक र जनताको निम्ति यही नै विकल्प हो', अध्यक्ष ओलीले भनेका थिए । एक पदाधिकारी अनुसार, अध्यक्ष ओलीले नेपाली कांग्रेसको नेतृत्वमा रहेको गठबन्धन तोड्न ठूलै मेहनत गर्नु परेको बताएका थिए । 'सजिलो थिएन, जटिलताहरु थिए । त्यसैले बाहिर कुरा जाने भएकाले धेरै छलफल गर्न सकिएन', ओलीले प्रष्टोक्ति दिएका थिए ।

सरकारमा गइसकेपछि पार्टीबाट निर्णय गराउन शुक्रबार बैठक राखिएको थियो । ' हामी सरकारमा गइसकेका छौं । त्यसबारे पनि निर्णय गर्नुपर्ने छ । यो परिस्थिति नै त्यसरी बन्यो', ओलीले भनेका थिए । बडो मेहनत गरेर बनाइएको गठबन्धन तोड्न विभिन्न शक्ति केन्द्रहरु लागिपरेको पनि ओलीले बताएका छन् ।

'विभिन्न शक्ति केन्द्रहरु यो गठबन्धन भत्काउन सक्रिय भइसके । तर हामी जसरी पनि यो गठबन्धन चार वर्ष लैजान्छौं', ओलीले भनेका छन् । एमाले अध्यक्ष ओली जस्तै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि गठबन्धन जोगाउन सजिलो नरहेको बताएका »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२६ फागुन २०८०, शनिबार
9 March 2024, Saturday

# राष्ट्रपतिद्वारा पशुपतिनाथमा पूजाअर्चना

**काठमाडौं/मस-** महाशिवरात्रिका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलले आराध्यदेव पशुपतिनाथको पूजाअर्चना गरेका छन्। उनलाई पशुपतिनाथ मन्दिरका मूल भट्टले चन्दन, फूलप्रसाद प्रदान गरेका थिए । त्यसअघि राष्ट्रपति पौडेललाई पशुपतिनाथ मन्दिर परिसरमा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का अध्यक्षसमेत रहनुभएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव दीपक काफ्ले, कोषका सदस्यसचिव राजुकुमार खत्री, कोषाध्यक्ष नारायणप्रसाद सुवेदी, परिषद्का सदस्यहरू, स्थानीय नियकायका प्रमुख तथा प्रतिनिधि, गुठी संस्थानका उच्चपदस्थ अधिकारीलगायत कर्मचारीले स्वागत गरेका थिए ।



महाशिवरात्रिका अवसरमा हरेक वर्ष राष्ट्राध्यक्षद्वारा पशुपतिनाथको पूजाआराधना गर्ने परम्परा छ । पाशुपत क्षेत्रमा अहिले पनि हजारौं भक्तजन दर्शनका लागि लामबद्ध भएका छन् । शुक्रबार बिहान २ बजेदेखि नै पशुपतिनाथ मन्दिरका चारवटै ढोका खुला राखेर भक्तजनलाई सहज दर्शनको व्यवस्था गरिएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले बताए । हालसम्म चार लाख ३० हजार भक्तजनले पशुपतिनाथको दर्शन गरेका कोषले जनाएको छ ।

महाशिवरात्रि मेलालाई व्यवस्थित गर्न चार हजार सुरक्षाकर्मी र चार हजार हाराहारी स्वयंसेवक खटाइएका छन् ।

### पाँच लाखभन्दा बढीले गरे पशुपतिनाथको दर्शन

महाशिवरात्रिका अवसरमा शुक्रबार मुलुकभरका शिवालयमा भगवान् शिवको पूजाअर्चना गरी मनाइएको छ। यसैक्रममा यहाँस्थित आराध्यदेव भगवान् पशुपतिनाथ मनिदरमा शुक्रबार राति ९ बजेसम्म पाँच लाखभन्दा बढी भक्तजनले दर्शन एवं पूजाअर्चना गरेका छन् ।

बिहान २ बजेदेखि नै पाशुपत क्षेत्रमा लागेको दर्शनार्थीको घुइँचो अहिलेसम्म पनि उस्तै रहेको पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव राजुकुमार खत्रीले जानकारी दिए ।

कोषले शुक्रबार बिहान २ बजेदेखि भोलि बिहान पाँच बजेसम्म २० लाख भक्तजनले आराध्यदेव पशुपतिनाथको दर्शन गर्ने अनुमान गरेको छ । महाशिवरात्रिका अवसरमा पशुपति क्षेत्रमा हुनसक्ने अवाञ्छित गतिविधिलाई सिसी क्यामराका तथा ड्रोनका माध्यमबाट निगरानी गरिएको छ । अवाञ्छित गतिविधिको निगरानीका लागि सुरक्षाकर्मी सहितको एक छुट्टै टोली परिचालन भएको विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए ।

पशुपति क्षेत्रमा चार हजार ९४ सुरक्षाकर्मी तथा सोही अनुसार स्वयंसेवक परिचालन गरिएको विकास कोषले जनाएको छ । सुरक्षाकर्मी फागुन २६ गतेसम्म सुरक्षाकर्मी सुरक्षार्थ खटिने छन्।

यसैगरी पशुपति क्षेत्रमा आपत्कालीन उद्धार टोली, दमकल र एम्बुलेन्ससमेत अहिले पनि तयारी अवस्थामा राखिएको छ । भक्तजनको सहजताका लागि एकैचोटिमा नौदेखि १० जनासम्मले दर्शन गर्नसक्ने गरी व्यवस्था मिलाइएको छ । शिवरात्रिका अवसरमा भारतबाट साधुसन्त र तीर्थयात्री पशुपति आएका छन् ।

पशुपति पुग्ने भक्तजनका लागि एम्बुलेन्स सेवा, ७० वटा स्वास्थ्य शिविर, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका सुरक्षा अधिकारी परिचालन भएका छन्। वैदिक सनातन हिन्दू धर्मावलम्बी शुक्रबार बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गरेका छन् ।

# रोल्पाको परिवर्तन गाउँपालिकामा मनाइयो अन्तर्राष्ट्रिय नारी दिवस

सूर्य प्रकाश बुढामगर/मध्यान्ह
रोल्पा, २५ फागुन

रोल्पाको परिवर्तन गाउँपालिकाले ११४ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको छ ।

‘महिलामा लगानी, सभ्य र समुन्नत समाजको थालनी’ भन्ने मूल नाराका साथ महिला तथा बालबालिका शाखा परिवर्तन गाउँपालिका पुतलाचौर रोल्पाको आयोजनामा परिवर्तन गाउँपालिकाको बहुउद्देश्यीय सभाहल पुतलाचौरमा दिवस मनाइएको हो ।



परिवर्तन गाउँपालिकाका अध्यक्ष सुक बहादुर बुढा मगरको अध्यक्षतामा भएको कार्यक्रममा परिवर्तन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेम जि.एम, परिवर्तन गाउँपालिका-२ का वडा अध्यक्ष हरिप्रसाद बुढा मगर,परिवर्तन गाउँपालिका-५ का वडा अध्यक्ष दिल बहादुर वली,परिवर्तन गाउँपालिकाका निवर्तमान उपाध्यक्ष हित कुमारी बुढा मगर,नेपाली कांग्रेस परिवर्तन गाउँपालिकाका उपसभापति कुलवीर घर्ती मगर, नेकपा एमाले परिवर्तन गाउँपालिकाका सह-संयोजक तिलबहादुर पुन मगर, नेकपा माओवादी केन्द्र परिवर्तन गाउँपालिकाका उपाध्यक्ष बम बहादुर पुन मगर, नेकपा परिवर्तन गाउँपालिकाका इन्चार्ज पृथ्वी डाँगी सी लगायतको आतिथ्यता रहेको थियो । यस्तै परिवर्तन गाउँपालिकाकावडा सदस्यहरु, परिवर्तन गाउँपालिका भित्रका आमा समूह, किशोरी समूह र टोल विकास संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको समेत कार्यक्रममा उपस्थिति रहेको थियो ।

परिवर्तन गाउँपालिका महिला तथा बालबालिका शाखाका संयोजक अनिशा घर्ती मगरको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेम जि.एमले संसारको सृष्टिकर्ता नारी भएको बताए। प्रेम जि.एमले अन्य राष्ट्रमा महिलाहरुलाई पछि पारिएको र नेपालमा भने धेरै अगाडि भएको बताए ।

परिवर्तन गाउँपालिका निवर्तमान उपाध्यक्ष हित कुमारी बुढा मगरले यो वर्ष दिवस फरक तरिकाले मनाइएको बताए ।

नेपाली कांग्रेस परिवर्तन गाउँपालिका उपसभापति कुलवीर घर्ती मगरले विश्व जगतमा नारीहरुको महत्वपूर्ण भूमिका रहेको बताए । नेकपा एमाले परिवर्तन गाउँपालिका सह-संयोजक तिलबहादुर पुन मगरले दिवस हाम्रो दिवस भन्दै हर्षित भएर परिवर्तन गाउँपालिकाभित्रका महिलाहरुले उल्लेख्य रुपमा सहभागिता जनाएका बताए ।

नेकपा माओवादी केन्द्र परिवर्तन गाउँपालिका उपाध्यक्ष बम बहादुर पुन मगरले विश्वमा नारीहरुको महत्वपूर्ण योगदान गरेको बताए । नेकपा परिवर्तन गाउँ समिटीका इन्चार्ज पृथ्वी डाँगी सीले आजको दिन नारीहरुले आफ्नो अधिकार प्राप्त गरेको दिन भएको बताए ।

दिवसको अवसरमा नारी दिवस सम्बन्धि लोक दोहोरी प्रतियोगिता समते आयोजना गरिएको थियो । कार्यक्रमको सञ्चालन गाउँपालिका रोजगार शाखाका संयोजक अनिता भुसालले गरेकी थिइन् ।

# लेखनलाई अझ सशक्त बनाउन आग्रह



**काठमाडौं/मस-** नेपाली साहित्यमा महिला लेखनले सामाजिक विसङ्गतिका विषयवस्तुलाई अझ सशक्तरूपमा प्रस्तुत गर्नुपर्नेमा जोड दिइएको छ ।

एक सय १४औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका सन्दर्भमा नेकपा (एमाले) को साहित्य, कला तथा संस्कृति विभागले शुक्रबार आयोजना गरेको ‘नेपाली साहित्यमा लेखनको वर्तमान अवस्था : चुनौती र सम्भावना’ विषयक अन्तर्क्रियामा कार्यपत्र प्रस्तोता र टिप्पणीकर्ताले सामाजिक र पारिवारिक चुनौतीबीच महिला लेखकहरूले साहित्यका विविध विधामा आफ्नो उपस्थितिलाई अघि बढाएको जनाउँदै उनीहरूका लागि समाज र परिवारले उचित वातावरण दिनुपर्ने बताएका छन् ।

एमालेका उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले संविधानले महिलाका हक अधिकारलाई स्थापित गर्ने सवालमा उल्लेखनीय स्थान दिए पनि व्यवहारत: त्यसको कार्यान्वयन गराउन लेखनीबाट पनि सहयोग हुनुपर्ने बताइन् । नेत्री शाक्यले महिलाहरू परिवर्तन र रुपान्तरणका बाहक भएकाले उनीहरू एक भएर हिम्मत र आँटका साथ अघि बढेमा सामाजिक अन्यायलाई परास्त गर्न सक्षम हुने बताइन् ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सह-प्राध्यापक डा.रजनी ढकाल र उपप्राध्यापक डा. विन्दु शर्माले महिला लेखनले निकै उचाइ हासिल गरिसकेका दृष्टान्तहरू प्रस्तुत गर्दै महिला लेखनका माध्यमबाट परम्परागत र धार्मिक अन्धतामा आधारित मिथकहरूमा भएका असमानतालाई चिर्ने काम गरेको विवेचना गरिन् ।

कार्यपत्रहरूमाथि लेखक डा.अर्चना थापा र उप-प्राध्यापक डा.कुमारी लामाले टिप्पणी गरेका थिए भने प्राध्यापक केशव सुवेदीले मातृशक्तिको महत्ता र सामर्थ्यबारे प्रकाश पार्दै बदलिँदो सामाजिक परिवेशमा महिलाहरूलाई लेखनमा स्वायत्तता सृजना हुँदै जानु सकारात्मक भएको बताउनुभयो । सो विभागका प्रमुख रघुजी पन्तले महिला लेखनका सन्दर्भमा विस्तृत बहस र अध्ययनको वातावरण निर्माण गर्न निरन्तर छलफल गर्नुपर्ने बताए ।

# सगरमाथा आधार शिविरमा नारी दिवस: सातबुँदे घोषणापत्र जारी




**सोलुखुम्बु/मस-** एक सय १४औं अन्तरराष्ट्रिय नारी दिवस विश्वको सर्वोच्च शिखर सगरमाथाका आधार शिविरमा मनाइएको छ ।

विभिन्न विधामा ख्यातिप्राप्त नारीको सहभागितासहित साथसाथै फाउण्डेशनको आयोजनामा शुक्रबार सगरमाथा आधार शिविरमा सम्मेलन सकिएको हो । उक्त सम्मेलनले जलवायु न्यायका लागि सातबुँदे घोषणापत्रसमेत जारी गरेको छ ।

जलवायु परिवर्तनका कारण विश्वको सर्वोच्च शिखर सगरमाथा र खुम्बु क्षेत्रसहित अन्य हिमालमा देखिएका असरका बारेमा विभिन्न तहका सरकारको गम्भीर ध्यानाकर्षण गराउने, खुम्बु क्षेत्रसहित नेपालका विभिन्न भागमा जलवायु परिवर्तनले महिलाको जीवनशैलीमा ल्याएका समस्या सम्बोधनका लागि राष्ट्रिय-अन्तरराष्ट्रिय सङ्घसंस्थासँग सहकार्य गरी अघि बढ्ने, जलवायु न्याय, अनुकूलन र न्यूनीकरणका लागि स्थानीयस्तरमा पहलकदमी गर्ने घोषणापत्रमा उल्लेख छ ।

साथै त्यसमा महिलाको सहभागिता सुनिश्चित गर्ने र हिमालय क्षेत्रसहित विभिन्न ठाउँमा पर्यटन प्रवर्द्धन गर्दै हिमाल वरपर बढ्दो फोहोरमैला नियन्त्रण गर्ने तथा पुन: प्रयोग गर्न सकिने सामानलाई प्रोत्साहित गर्न सरोकारवाला निकायलाई जागरुक गराउनाका साथै जनचेतना जगाउने घोषणापत्रमा उल्लेख छ ।

जलवायु परिवर्तनले ल्याएका समस्या समाधानका लागि हिमाल, पहाड, तराई र देशबाहिर रहेका सबै नेपालीसँग हातेमालो गर्ने तथा जलवायु न्यायका लागि समाजका विभिन्न तह र समुदायका महिलासहित सगरमाथा आधार शिविरमा उभिएकोलगायत बुँदा घोषणापत्रमा समेटिएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै आयोजक संस्थाका अध्यक्ष प्रजिता कार्कीले प्रकृति बचेमात्र प्राणीजगत् रहने भएकाले यो समय प्रकृतिलाई पनि न्याय गर्ने बेला भएको बताइन् । जलवायु परिवर्तनको असरबाट सबैभन्दा बढी महिला र बालबालिका पीडित रहेकाले यसको न्यूनीकरणमा विश्व समुदाय जुट्नुपर्ने उनको जोड छ ।

मधेशी आयोगका सदस्य रेणुदेवी शाहले हिमालमा देखिएको जलवायु परिवर्तनको असरबाट मधेश पनि अछुतो नरहेकाले न्यूनीकरणका लागि सबै हातेमालो गर्दै एकजुट हुन आह्वान गरिन् । जलवायु परिवर्तनका कारण मधेसको कृषि प्रणालीदेखि त्यहाँका महिलाको जनजीविकामा प्रत्यक्ष असर परेको स्मरण गराउँदै उनले क्षति न्यूनीकरणका लागि हिमाल, पहाड र तराईको साथ अपरिहार्य भएको बताइन् ।

गैरआवसीय नेपाली सङ्घका उपाध्यक्ष रोजिना प्रधान राई, शिक्षाविद् दुर्गा भट्टराई, मिस नेपाल शृच्छा प्रधान, मितिनी नेपालका संस्थापक अध्यक्ष लक्ष्मी घलान, नेपाल मेडिकल एसोसिएसनका प्रतिनिधि डा.रशिला प्रधानलगायतले जलवायु परिवर्तनको असरले महिलामा परेको असरबारे चर्चा गरेका थिए । विभिन्न विधाका अगुवा तथा ख्यातिप्राप्त सगरमाथा आधार शिविर पुगेका १९ महिलाको टोलीले जलवायु न्यायका लागि हरेक मानवीय क्रियाकलाप प्रकृतिमैत्री हुनुपर्ने निचोड निकाल्दै पहिलो सुरुआत आफैँबाट गर्ने प्रतिबद्धता जनाएको छ ।

# लागुऔषधसहित विभिन्न स्थानबाट ९ जना पक्राउ



**काठमाडौं/मस-** विभिन्न जिल्लाबाट लागुऔषधसहित ९ जना पक्राउ परेका छन् । सुर्खेत वीरेन्द्रनगर नगरपालिका-४ ऐरि चोकबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम ३ सय ३० मिलिग्रामसहित २ जनालाई बिहीबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा बीरेन्द्रनगर नगरपालिका-४ ऐरी चोकस्थित पान पसल सञ्चालन गरी बस्ने बाँके खजुरा गाउँपालिका-८ घर भएका ३१ वर्षीय राज खान र २१ वर्षीय कलिङ खान रहेका छन्। लागुऔषध नियन्त्रण ब्यूरो सुर्खेत र जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको संयुक्त टोलीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

यस्तै कपिलवस्तु, कपिलवस्तु नगरपालिका-१ आन्दोलन चोकबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ सय ६० मिलिग्रामसहित बाणगंगा नगरपालिका-४ गजेहडा बस्ने गुल्मी घर भएका २२ वर्षीय निश्चल कालिराजलाई बिहीबार राति प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

ललितपुर, ललितपुर महानगरपालिका-४ नख्खुदोबाटो खरिबोटबाट नियन्त्रित लागुऔषध नुफ्रिन १ सय ४३ एम्पुल, डाईजेपाम १ सय ५२ एम्पुल र फेनारगन १ सय २८ एम्पुलसहित ललितपुर महानगरपालिका-२५ भैसिपाटी बस्ने ३२ वर्षीय सुरेश पण्डित क्षेत्रीलाई बिहीबार साँझ प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रभाग सानेपाबाट खटिएको प्रहरीले ललितपुर भैसिपाटीदेखि जावलाखेलतर्फ जाँदै गरेको बा.४ च ८८७४ नम्बरको पिकअप भ्यानलाई जाँच गर्न क्रममा उक्त लागुऔषध फेला पारी चालक क्षेत्रीलाई पक्राउ गरेको हो ।


यस्तै कञ्चनपुर, भिमदत्त नगरपालिका-१८ कटान डेरा गरी बस्ने बेदकोट नगरपालिका-९ सिसैया घर भएकी २८ वर्षीया रीतिका बमलाई अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २१ मिलिग्रामसहित बिहीबार राति प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण व्यूरो महेन्द्रनगर समेतबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो ।

यस्तै धादिङ, गजुरी गाउँपालिका-२ मलेखुबाट अवैध लागुऔषध चरेश जस्तो देखिने वस्तु ४ किलो ५ सय ३५ ग्राम र नगद ३० हजार रूपैयाँसहित २ जनालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही गाउँपालिका-४ बस्ने ३६ वर्षीय विजय प्रजा र ३२ वर्षीय सुरज तामाङ रहेका छन् । ईलाका प्रहरी कार्यालय गजुरीबाट खटिएको प्रहरीले बा.प्र.०२-०३० प ७०२५ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त लागुऔषधसहित मोटरसाइकलमा सवार दुवै जनालाई पक्राउ गरेको हो ।

मोरङ, विराटनगर महानगरपालिका-१५ बाट अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम १ मिलिग्रामसहित झापा दमक नगरपालिका-३ बस्ने ५६ वर्षीय मिगेन्द्र बहादुर बोहोरालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ । लागुऔषध नियन्त्रण ब्यूरो विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

झापा, गौरादह नगरपालिका-५ बाट अवैध लागुऔषध ब्राउनसुगर २९ ग्राम ४ सय ६० मिलिग्राम र नगद ८ हजार रूपैयाँसहित सोही नगरपालिका-४ बस्ने २२ वर्षीय निरज खत्रीलाई बिहीबार बेलुकी प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी महरानीझोडाबाट खटिएको प्रहरीले स्कुलचौन बजारबाट डोरामारीतर्फ जाँदै गरेको मे.६ प ४७८० नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक खत्रीलाई उक्त लागुऔषधसहित पक्राउ गरेको हो।

# बाँकेमा नक्कली औषधि पसल सिल



**बाँके/मस-** बाँकेमा नक्कली औषधि पसल सञ्चालकलाई पक्राउ गरिएको छ भने पसललाई सिल गरिएको छ। डुडुवा गाउँपालिका-६ चौधरीपुर्वाबाट नक्कली औषधि बिक्रेता विकास लखेरलाई जिल्ला प्रशासन कार्यालय बाँकेको टोलीले शुक्रबार पक्राउ गरेको छ ।

अनुगमनका क्रममा डुडुवा गाउँपालिकाको चौधरीपुर्वा पुगेको जिल्ला प्रशासनको टोलीले नक्कली औषधि पसल सञ्चालक लखेरलाई पक्राउ गरी पसल सिल गरिएको बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले बताए ।

प्रजिअ पोखरलेका अनुसार पक्राउ गरिएका विकास लखेरले औषधि बिक्री गर्ने योग्यताको प्रमाणपत्र देखाउन सकेका थिएनन् । उनको पसल दर्ताबिना नै सञ्चालन गरेको अनुगमनबाट फेला परेको प्रजिअ पोखरेलले बताए । आरोपी लखेरको पसलमा करिब ७५ प्रतिशत औषधि म्याद गुज्रिएको अवस्थामा समेत भेटिएको छ । बिक्रेता विकास लखेरलाई औषधि बिक्री वितरणसम्बन्धी प्रचलित कानुनबमोजिम कारबाही गरिने प्रजिअ पोखरेलले बताए ।

### सरकारबाट...

मलाई लाग्छ यो एउटा वरदान हो । अब हामी पार्टीलाई एक बनाएर अगाडि बढ्नुपर्छ । प्रतिपक्षमा मात्रै बसेर कडा भूमिका निर्वाह गर्नुपर्छ’ उनी थप्छन्, ‘ कांग्रेस-माओवादीको गठबन्धन टुट्नु मेरा लागि लुकेको एउटा खुसी हो ।’

कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीले एमाले अध्यक्ष केपी शर्मा ओलीले ५ पुस २०७७ मा प्रतिनिधि सभा विघटन गरेपछि कुनै न कुनै रुपमा सहकार्य गर्दै आएका छन् । ४ मंसिर २०७९ को चुनावमा कांग्रेस र माओवादी सहितका पाँच दलले संयुक्त रुपमा चुनाव लडेका थिए । चुनावपछि कांग्रेसले प्रधानमन्त्री नबनाएको भन्दै माओवादी अध्यक्ष प्रचण्ड एमाले अध्यक्ष केपी शर्मा ओली निवास भक्तपुरको बालकोट पुगेका थिए । त्यसपछि एमाले र माओवदी सहित दश दलको समर्थनमा प्रचण्ड प्रधानमन्त्री बनेका थिए ।

तर, चुनाव अगाडिको गठबन्धन भत्किएको र यसमा कांग्रेस नेतृत्व समेत जिम्मेवार रहेको भन्दै नेताहरुले पहल लिएपछि उक्त गठबन्धन दुई महिनामै टुट्यो र कांग्रेस, माओवादी, एकीकृत समाजवादी सहितका दलको सरकार बन्यो ।

एकपछि माओवादी केन्द्र कांग्रेस सँगको गठबन्धन तोडेर एमाले र रास्वपासँग गठबन्धन गर्न पुगेका छन् । हालै कांग्रेस-माओवादीको गठबन्धन टुटेकोप्रति डा. कोइरालाले खुसी प्रकट गरेका हुन् । उनले विगतमा मिलेर गरिएको काम गलत भएको भन्दै अब आउँदा चुनावमा एक्लै लड्नुपर्ने बताए । ‘म बीपी कोइरालाको छोरा भएको हुनाले भन्छु- कुनै पार्टीसँग पनि हामी मिल्नु हुँदैन । विगतमा जसरी मिलेका थियौं त्यो गलत भयो हामी एक्लै लड्नुपर्छ ।’

### संघीयता...

प्रदेशमा गएर अन्तर्क्रिया गरी ९९ बुँदे सिफारिस सरकारलाई गरेको थियो । संघीयता कार्यान्वयनका लागि तीन वटै तहको सरकारले तत्काल बनाउनुपर्ने कानुनका विषयहरु सुझाइएको थियो ।

### गठबन्धन...

छन् । प्रधानमन्त्री प्रचण्डले बिहीबारको प्रतिनिधिसभा बैठकमा गठबन्धन टिकाउन सजिलो नरहेको बताएका थिए । प्रचण्डले विश्वासको मत लिएपछि मात्रै ढुक्क हुन सकिने प्रष्ट संकेत गरेका छन् । नयाँ गठबन्धन बनेको दुई दिनमा देखिएको गतिविधिलाई लिएर आगामी यात्रा पनि सजिलो नरहेको बताएका हुन् ।

सत्तारुढ अरु नेताहरुले पनि गठबन्धन टिकाउन सजिलो नरहेको टिप्पणी गरिरहेका छन् । त्यसको मुल कारण भने संसद्को सवैभन्दा ठूलो दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको सक्रियता देखिएको छ । सभापति देउवाले गठबन्धन तोडिएपछि लगातार भेटवार्ता गरिरहेका छन् । देउवाले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष सिके राउत र नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रेशम चौधरीसँग सम्वाद गरिरहेका छन् ।

बिहीबारकै संसद् बैठकमा पनि कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले नयाँ गठबन्धनलाई सजिलै सरकार चलाउन नदिने प्रष्ट संकेत दिएका छन् । सत्ता गठबन्धनका नेताहरुले भने विपक्षी दल कांग्रेसको मात्रै नभएर विदेशी शक्तिहरुको चलखेललाई यो गठबन्धनको खतरा मानेको देखिन्छ ।

# जलवायु परिवर्तनसम्बन्धी छुट्टै मन्त्रालय बनाउन माग, संसदीय समूह बनाउने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ फागुन

जलवायु परिवर्तनसम्बन्धी विषय सर्वपक्षीय विषय भएकाले यसका लागि छुट्टै मन्त्रालय र संसदीय समूह हुनुपर्ने आवाज उठ्न थालेको छ । जलवायु परिवर्तनका सम्बन्धमा काम गर्दै आइरहेका राजनीतिज्ञ, विषय विज्ञ र सरोकारवालाहरुले यस विषयलाई एकीकृत ढंगले काम गर्न संसदमा सांसदहरुको छुट्टै समूह र सरकारमा छुट्टै मन्त्रालय हुनुपर्नेमा जोड दिएका हुन् ।



यस अभियानको नेतृत्व गरेका सांसद प्रदीप पौडेलले विश्वका धेरै देशमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र त्यसको व्यवस्थापनका लागि छुट्टै मन्त्रालय र संसदीय समिति रहेको उदाहरण दिँदै नेपालमा पनि त्यसको आवश्यकता रहेको बताए । लोकतन्त्र तथा विकास केन्द्रले एक्सन नेपाल, क्रिष्टा र ग्यान्नोभेसनको सहकार्यमा काठमाडौंमा आयोजना गरेको कार्यक्रममा उनले कतिपय देशमा जलवायु परिवर्तनको विषयलाई मुख्य एजेण्डा बनाउने राजनीतिक पार्टीहरु समेत रहेको जानकारी दिए ।

सांसद पौडेलले नेपालमा त्यसका लागि सांसदहरुको समूह बनाउने र त्यसमार्फत योसम्बन्धी नीति, कानून र कार्यक्रमहरु बनाउन दबाब तथा सुझाव दिन सांसदहरुको समूह बनाउन लागिएको पनि उल्लेख गरे । उनका अनुसार सबै पार्टीको प्रतिनिधित्व हुनेगरी सांसदहरुको टोली बनाएर जलवायु परितर्वन सम्बन्धी कामका लागि आवाज उठाउन संगठित हुने गृहकार्य भइरहेको छ ।

'हुन त अहिले मन्त्रालयहरु घटाउनुपर्छ भन्ने बेलामा नयाँ मन्त्रालय बनाउने भन्ने कुरा धेरैलाई अस्वभाविक र अनावश्यक लाग्ला, तर विश्वका धेरै देशमा भइसकेको यो अभ्यास नेपालमा लागू गर्न धेरै ढिला भइसकेको छ,' सांसद पौडेलले भने । मन्त्रालयहरुको संख्या नबढाई कार्यक्षेत्र थपघट गरेर नयाँ मन्त्रालय बनाउन सकिने उनको भनाइ थियो ।

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित महिला सशक्तीकरणमा जलवायु परिवर्तन सम्वन्धी नविन अभ्यास विषयक छलफल कार्यक्रममा केन्द्रकी अध्यक्ष डा. डिला संग्रौला पन्तले यस विषयलाई महिलाहरुको दृष्टीकोणबाट हेर्न धेरै ढिला भइसकेको बताइन् । जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न महिलाको भूमिका बढी प्रभावकारी हुन सक्ने तर्फ सबैले ध्यान दिनुपर्ने र त्यस अनुसारका कार्यक्रमहरु बनाउनुपर्नेमा उनले जोड दिइन् । वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागकी वातावरण निरीक्षक हसना श्रेष्ठले अन्य क्षेत्रमा जस्तै जलवायु परिवर्तनको असर पनि महिलाहरुलाई बढी परेको तथ्यहरु प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा गाउँपालिका राष्ट्रिय महासंघका सल्लाहकार तथा अर्घाखाँचीको छत्रदेव गाउँपालिकाका पूर्वअध्यक्ष लेखनाथ पोखरेलले स्थानीय तहमा महिला शसक्तिकरणमा जलवायु परिवर्तनसम्वन्धी नविन अभ्यासहरु धेरै भएको जानकारी दिए ।

धादिङको खनियावास गाउँपालिकाका अध्यक्ष रन बहादुर तामाङले आगामी शैक्षिक बर्षदेखि नै स्थानीय पाठ्यक्रममा यस विषयलाई समावेश गर्ने प्रतिवद्धता जनाए । उनले यसलाई राष्ट्रिय अभियानको रुपमा लैजानुपर्नेमा जोड दिए ।

विपद् जोखिम न्यूनीकरण सञ्चार समाजका अध्यक्ष सुरेन्द्र पाण्डेले जलवायु परिवर्तनबाट धेरै जोखिममा रहेका देशहरु मध्ये चौथो नम्मरमा रहेको देश भएर पनि यहाँका सञ्चारमाध्यमहरुले यस विषयलाई उच्च प्राथमिकता दिन नसकेको स्वीकार गरे । उनले सञ्चारमाध्यमहरु पनि राजनीतिक विषयमा मात्रै केन्द्रित हुँदा यति गम्भीर विषयहरु ओझेलमा परेको भन्दै चिन्ता व्यक्त गरे ।

विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा लामो समयदेखि काम गरेकी एक्सन नेपालकी कार्यकारी निर्देशक रोमी घिमिरेले संघीय सरकारभन्दा स्थानीय सरकारहरुले जलवायु परिवर्तन सम्वन्धी धेरै काम गरेको दृष्टान्तहरु प्रस्तुत गरेकी थिइन् । अर्का विज्ञ उदय अधिकारीले विपद्को क्षतिपूर्तिका लागि बीमा सेवालाई जोड्न सके प्रभावकारी हुने उपाय सुझाए ।

कार्यक्रममा केन्द्रका महासचिव जीवन भण्डारीले सञ्चारमाध्यममा जलवायु परिवर्तनसम्बन्धी विषयहरुको कभरेजका बारेमा समिक्षा प्रस्तुत गरेका थिए भने अर्की प्रस्तोता युरिशा उपाध्यायले महिला र जलवायु परिवर्तनसम्बन्धी विश्वव्यापी अवस्थाका बारेमा जानकारी गराएकी थिइन् ।

# सातौं पाणिनी दुर्वाशेश्वर पर्यटन महोत्सव शुरु

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २५ फागुन

अर्घाखाँचीको पाणिनी गाउँपालिकाको दुर्गाफाटमा पाणिनी महोत्सव शुरु भएको छ । महोत्सवको एक समारोहबीच लुम्बिनी प्रदेशका सांसद रामजी प्रसाद घिमिरेले पानसमा दिप प्रज्वलन गरी उद्घाटन गरे ।



कार्यक्रमको उद्घाटन गर्दै सांसद घिमिरेले पाणिनी गाउँपालिका पर्यटकीय हिसाबले निकै महत्वपूर्ण गाउँपालिका भएकाले यहाँको विकास पर्यटनको विकासबाट अगाडि बढाउने बताए । घिमिरेले नेपालकै लुम्बिनीपछिको सबैभन्दा महत्वपूर्ण स्थान पाणिनीमा रहेको भन्दै यसको व्यापक प्रचार प्रसार हुन नसकेकोले अहिले पनि ओझेलमा परेको बताए । उनले पर्यटकीय धार्मिक स्थानहरुमा भौतिक संरचना निर्माण हुन नसकेकाले संरचना निर्माणका लागि पहल गर्ने बताए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख जिवनारायण कोइरालाले पाणिनी गाउँपालिका नेपालकै सबैभन्दा राम्रो सम्भावना बोकेको पालिका भएको बताउँदै पालिकाको विकासमा संघीय सरकार र प्रदेश सरकारले विशेष ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा पाणिनी गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपानेले पाणिनी गाउँपालिकाभित्र धेरै पर्यटकीय स्थलहरु रहेको र तिनीहरुको व्यापक प्रचारप्रसार गरी सुपादेउराली आएका धार्मिक पर्यटकहरुलाई पाणिनीका विभिन्न स्थलहरुको अवलोकन गराउने गरी पालिकाले नयाँ योजना बनाएको बताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी कमल राज ढकालले स्थानीय सरकारको बजेटबाट भएपनि सानातिना पर्यटकीय स्थलहरुमा भौतिक संरचना निर्माण गर्नुपर्ने सुझाव दिए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष नर्मदा गौतम पौडेल, नेपाली कांग्रेस अर्घाखाँचीका जिल्ला सचिव तथा पाणिनी गाउँपालिकाका पूर्वअध्यक्ष अच्युत गौतम, नेकपा एमालेका जिल्ला सचिवालय सदस्य श्रीकृष्ण भुसाल, नेकपा माओवादी केन्द्रका नेता टोप बहादुर बराल, राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला अध्यक्ष हरि प्रसाद भुसाल, एकीकृत समाजवादीका जिल्ला अध्यक्ष राम बहादुर चौहान, पाणिनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपाने, पाणिनी गाउँपालिका वडा नम्बर २ का अध्यक्ष चन्द्रकान्त पौडेल, वडा नम्बर ८ का अध्यक्ष गुनाखर अधिकारी, चेम्बर अफ कमर्शका अध्यक्ष असोक कुमार श्रेष्ठलगाएतले मेलाको सफलताको कामना गर्दै पर्यटन प्रबर्द्धनमा पाणिनी पर्यटन समाजले खेलेको भूमिका प्रशंसनीय रहेको बताए ।

उद्घाटन समारोहमा जिल्ला भूमि आयोगका अध्यक्ष यादव प्रसाद घिमिरे, जिल्ला प्रहरी कार्यलयका प्रमुख प्रतीत सिंह राठौर, सुरक्षा निकाएका प्रमुखहरु, जिल्ला समन्वय समितिका सदस्यहरु, पालिकाका जनप्रतिनिधि, वडा अध्यक्षहरु, पाणिनी गाउँपालिकाका कर्मचारीहरु, विभिन्न राजनैतिक दल, पत्रकार, नागरिक समाज तथा स्थानीयको सहभागिता रहेको थियो ।

महोत्सवमा पाणिनी गाउँपालिकाभित्र रहेका विभिन्न जात जातिले आफ्नो भेष भुषासहित झाँकी, लोक भजन प्रस्तुति तथा नृत्य प्रस्तुत गरेका थिए । फागुन २८ गतेसम्म सञ्चालन हुने महोत्सवमा महाशिवरात्रको दिन शुक्रबार पाणिनीमा बहुचर्चित कलाकार ज्योति मगरसहितका विभिन्न कलाकार हरुको उपस्थिति रहेको झबिन सुनामले जानकारी दिए ।

# अन्तर विद्यालयस्तरीय निबन्ध लेखन तथा चित्रकला प्रतियोगिता सम्पन्न



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २५ फागुन

११४औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा गेरुवा गाउँपालिकामा अन्तर विद्यालयस्तरीय निबन्ध लेखन तथा चित्रकला प्रतियोगिता सम्पन्न भएको छ । 'महिलामा लगानी : सभ्य र समुन्नत समाजको थालनी' विषयक निबन्ध लेखन तथा चित्रकला प्रतियोगिता शुक्रवार सम्पन्न भएको हो ।

गेरुवा गाउँपालिकाको आयोजना तथा महिला सञ्जाल गेरुवा, गेरुवा गाउँपालिका महिला शिक्षक सञ्जाल, प्लान नेपाल इन्टरनेशनल, प्राक्टिकल एक्सन, एक्सन एड नेपाल, वि ग्रुप र कमैया महिला जागरण समाजको साझेदारीमा कार्यक्रम सम्पन्न भएको हो ।

पशुपति माध्यमिक विद्यालय पशुपतिनगरमा सञ्चालन भएको माध्यमिक विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगितामा एक प्रिय राठोर मा.वि. पाताभारका प्रज्वल थारु प्रथम, जनता मा.वि गोलाका आकाश काफ्ले द्वितीय र गणेश मा.वि. प्रशेनीपुरका आकृति थापा एवम् ग्रिन ग्लोवल ई. मिडियम स्कुलका प्रेयंका चलाउने तृतीय भए ।

त्यस्तै आधारभूत विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगितामा वाल प्रिय आ.वि. तिनघरुवाका शिक्षा न्यौपाने, सरस्वती आ.वि. जोधिपुरका चक्र रोकाय र सरस्वती आ.वि. वनकट्टीकी जिसिका थारू क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छने भने रामजानकी आ.वि. रामनगरका प्रतिक्षा थारु र एकप्रिय राठौर मा.वि. पाताभारका ओस्कार ओझाले सान्त्वना स्थान प्राप्त गरेका छन् । यसैगरी चित्रकला प्रतियोगितामा नवज्योति पब्लिक ई.मि. स्कुल जनकनगरकी प्रसंशा थारू, वाल प्रिय आधारभूत विद्यालयकी अस्मित थारु, किसान प्रा.वि. खोनपुरकी झरना सुनार क्रमशः प्रथम, द्वितीय र तृतीय भए भने ग्रिन ग्लोबल एकेडमी स्कुलकी वृष्टी पाण्डेले सान्त्वना स्थान प्राप्त गरिन् ।

माध्यमिक र आधारभूत तहतर्फ निबन्ध लेखन प्रतियोगिता गराइएको थियो भने प्राथमिक तहतर्फ चित्रकला प्रतियोगिता गराइएको थियो । प्रतियोगितामा माध्यमिक तहतर्फ ४ विद्यालयका प्रतिस्पर्धी सहभागी थिए भने आधार भूत र प्राथमिक तहमा क्रमशः १० र १७ विद्यालयका प्रतिस्पर्धी सहभागी थिए । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने विद्यार्थीलाई गेरुवा गाउँपालिकाका निवर्तमान कार्यपालिका सदस्य राजु वडुवाल क्षेत्री, वडा नं. ३ का वडा सदस्य निर्मल चौधरी र उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीले पुरस्कार तथा प्रमाण पत्र वितरण गरेका थिए ।

# युवा संघद्वारा चन्द्रपुरमा एक घण्टा यातायात ठप्प



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ फागुन

जिल्लाको डिभिजन वन कार्यालयका केही कर्मचारीको विरुद्धमा नेकपा एमालेको युवा संगठन राष्ट्रिय युवा संघ नेपालले पूर्वपश्चिम राजमार्गको चन्द्रनिगापुरमा एक घण्टा चक्काजाम गरेको छ ।

युवा संघ नेपालका कार्यकर्ताहरूले पूर्वपश्चिम राजमार्गको चन्द्रनिगाहपुरस्थित डिभिजन वन कार्यालय अगाडि टायर बालेर चक्काजाम गरेका हुन् । युवा संघका केन्द्रीय सदस्य विक्रम लामालाई डिभिजन वन कार्यालय वन मुद्दामा पक्राउ गरेपछि युवा संघले चक्काजाम गरेका हुन् ।

चन्द्रपुर नगरपालिकाको वडा नं २ मा रहेको महादेवस्थान सामुदायिक वन उपभोक्ता समूहले गोप्यरूपमा सूचना निकाली काठ बिक्री गर्न लागेको थाहा पाएपछि युवा संघ नेपालका केन्द्रीय सदस्य लामाले आफूहरूले समेत टेण्डर लिन पाउनुपर्ने भन्दै टेण्डर फारम माग गरेपछि उनलाई वन मुद्दा लगाएर थुनिएको युवा संघ नेपाल रौतहटका अध्यक्ष मुन्ना यादवले बताए ।

दुई महिनाअघि चन्द्रपुर-२ को राष्ट्रिय वनमा भएको खयर फडानीमा लामाको नाम हाल्न लगाएर सहायक वन अधिकृत सुरेश महतोले लामालाई वनको हिरासतमा लिएको चन्द्रपुर-२ का स्थानीयहरुले बताएका छन् । सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष केशव पुलामी र सहायक वन अधिकृत महतोको मिलेमतोमा लामालाई पक्राउ गरेको विरोधमा युवा संघ नेपालले चन्द्रनिगापुरमा चक्काजाम गरेको हो ।

बिना प्रमाण लामालाई वन मुद्दा लगाइ षड्यन्त्र भएको भन्दै युवा संघले डिभिजन वन कार्यालय रौतहटका प्रमुख शैलेन्द्र कुमार मिश्रा र सहायक वन अधिकृत महतोविरुद्ध चर्को नाराबाजी गर्दै टायर बालेर चक्काजाम गरेका थिए । सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षले आफूलाई सहायक वन अधिकृत महतोले 'वनफडानीमा लामाको समेत संलग्नता रहेको छ, चिठी लेख्नुस् हामी पक्राउ गर्छौं' भनेपछि आफूले चिठी लेखेर डिभिजन वन कार्यालयमा दिएको अध्यक्ष पुलामीको भनाइ छ ।

चक्काजाम पछि आयोजित कोणसभालाई सम्बोधन गर्दै युवासंघ नेपाल रौतहटका अध्यक्ष मुन्ना यादवले डिभिजन वन कार्यालय रौतहटका प्रमुख शैलेन्द्र कुमार मिश्रा र सहायक वन अधिकृत सुरेश महतोलाई तत्काल विभागीय कारबाही गर्न माग गरेका छन् । लामालाई तत्काल रिहा गर्नुपर्ने तथा मिश्र र महतोलाई विभागीय कारबाही नभए आइतबारबाट डिभिजन वन कार्यालय रौतहटमा तालाबन्दी गर्ने लगायतका कार्यक्रम गय गरिएको युवा संघले जनाएको छ ।

# कालीकोटमा पहिलो पटक पञ्चेबाजामा महिला आकर्षण

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २५ फागुन



शुक्रबार मान्ममा ११४औं महिला दिवसको अवसरमा आयोजित कार्यक्रममा पञ्चेबाजा समूहमा पहिलो पटक महिलाको सहभागिता देखिएको छ । यस पटक जिल्लामा आयोजना हुने विभिन्न सभा समारोहमा पञ्चेबाजा बजाउनेहरुमा पुरुषको मात्रै सहभागिता देखिने गरेको थियो भने पछिल्लो समय महिलाहरुले पनि पञ्चेबाजा बजाउने गरेका छन् ।

महिला हक, अधिकार, सशक्तीकरण एवम् लैङ्गिक समानताका लागि आवाज उठाउँदै विश्वभरि एक शताब्दीभन्दा बढी समयदेखि आजकै दिनलाई महिलाका लागि विशेष दिनका रूपमा मनाइँदै आइएको छ। सन् १९०८ मार्चमा १५ हजार महिलाले न्यूयोर्क सिटीमा काम गर्ने समय थोरै हुनुपर्ने, राम्रो ज्याला दिनुपर्ने र मतदानको अधिकार हुनुपर्ने मागसहित र्‍याली गरेसँगै यसको बिजारोपण भएको थियो । यसको एक वर्षपछि अमेरिकाको समाजवादी पार्टीले पहिलो राष्ट्रिय महिला दिवस घोषणा गरेको थियो ।

श्रमबारे उठेको आन्दोलनलाई संयुक्त राष्ट्रसंघले वार्षिक कार्यक्रमका रूपमा अन्तर्राष्ट्रिय महिला दिवसको मान्यता दिएको थियो । लैङ्गिक समानता हासिल गर्न महिला तथा बालिकाको सुरक्षा र सामाजिक संरक्षणको पूर्ण प्रत्याभूतिका साथ सभ्य र न्यायपूर्ण समाज निर्माण गर्न, महिलाका अधिकार र सशक्तीकरणका सवालमा आवाज बुलन्द गर्न, महिलाको सहभागिता, विभेद, असमानताका सवालमा र्‍याली, जुलुस तथा विभिन्न सचेतनामूलक कार्यक्रम गरी दिवस मनाइएको छ ।

दिवसको अवसरमा आयोजित र्‍याली कार्यक्रममा कालीकोटका महिलाहरु परम्परागत पञ्चेबाजासहित पहिलो पटक यो दृश्यमा देखिएका हुन् । कर्णाली तथा सुदूरपश्चिम क्षेत्रमा धार्मिक कार्यक्रम विवाह, ब्रतबन्ध जस्ता सामाजिक कार्यमा पुरुषहरुले बाजा बजाउने गर्छन् । महिलाहरुले पहिलोपटक बाजा बजाउँदा समाजमा सकरात्मक प्रभाव परेको छ । साथै यस वर्ष 'महिलामा लगानीः सभ्य र समुन्नत समाजको थालनी' भन्ने राष्ट्रिय नारासहित ११४औं अन्तर्राष्ट्रिय महिला दिवस मनाइएको हो ।

# थारु सामुदायिक होमस्टेमा बयलगाडी

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २५ फागुन

उदयपुरमा एक सामुदायिक होमस्टेमा बयलगाडीको शुभारम्भ गरिएको छ । त्रियुगा नगरपालिका १३ मा रहेको बहेडवा थारु सामुदायिक होमस्टेको बयलगाडी कोशी प्रदेशका खानेपानी सिँचाइ तथा उर्जामन्त्री नारायण वुर्जामगर, कृषि तथा सहकारी मन्त्री राम कुमार खत्री तथा कोशी प्रदेश उपसभामुख सिर्जना दनुवारले संयुक्त रुपमा बयलगाडी चढेर शुभारम्भ गरेका हुन् ।

स्थानीय अर्गानिक परिकार र थारु संस्कार सँस्कृतिको रुपमा परिचित उक्त होमस्टे विगतदेखि नै सञ्चालनमा रहेको छ ।

होमस्टेका अध्यक्ष भगवानसिंह



चौधरीले थारु पहिचान संस्कार सँस्कृति अहिलेका नयाँ युवा पीडिहरुले बिर्सिदै गइरहेकाले यसको संरक्षण र सम्बर्द्धनका लागि होमस्टे सञ्चालनसँगै थारु पहिचान झल्कने संस्कार सँस्कृति, स्थानीय खानेकुराको परिकार प्रवर्द्धनको काम भइ रहेको बताए । यस्तै उनले यस ठाउँको पर्यटन, आर्थिक लगायत विकासका लागि होमस्टेमा यस किसिमका कार्यक्रमहरु सञ्चालन गरिँदै आइरहेको पनि बताए ।

चौधरीले आफ्नो पहिचान संस्कार, सँस्कृतिको संरक्षणका साथै बयलगाडी बिहेवारी जस्ता शुभकार्य लगायत पहिलेदेखि गाउँघरमा यातायातको रुपमा विभिन्न कार्यमा प्रयोग हुँदै आएको बताए । शुभारम्भ कार्यक्रममा पालिका प्रमुख, उपप्रमुख, विभिन्न संघसंस्थाहरुका प्रतिनिधि, नागरिक समाज, कलाकार लगायतले उपस्थित जनाएका थिए । थारु सामुदायिक होमस्टेले विशेष आफ्ना आगन्तुक पाहुनाहरुलाई स्थानीय घुंगी, हास लगायतहरुबाट बनेका परिकारहरुबाट स्वागत गर्दै आएको छ ।

# महिला एकता समाजद्वारा सैनामैनामा अन्तरक्रिया कार्यक्रम सम्पन्न



**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, २५ फागुन

नेपाल महिला एकता समाजको आयोजनामा शुक्रबार सैनामैनामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार नारी दिवसको अवसरमा आयोजित अन्तरक्रिया कार्यक्रम सैनामैना-५ को गडवा र बालापुर गरी दुई टोलमा गरिएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि तथा सैनामैना नगरपालिका वडा नं ५ का वडा अध्यक्ष धनप्रसाद पौडेलले कुनै पनि समस्या समाधान गर्न मानिसहरु एकीकृत भइ संगठनात्मक रुपमा आवाज उठाउनुपर्ने भन्दै सुकुम्बासी समस्या धेरै ठाउँको समस्या भएकाले यसको समाधानका लागि कामहरु पनि अगाडि बढिरहेको बताए । वडा अध्यक्ष पौडेलले वडामा नापी भइँरहदा आउन सक्ने समस्यामा यस संगठनले समन्वयकारी भूमिका खेल्नुपर्ने बताए ।

सुकुम्बासीका हक र अधिकार स्थापित गर्न यस महिला एकता समाजको स्थापना भएको समाजकी रुपन्देही संयोजक मनकुमारी राईले जानकारी दिइन् ।

संयोजक राईले सुकुम्बासीका हातमा लालपुर्जा वा जग्गाको निस्सा पुर्‍याउनु समाजको मूल उद्देश्य रहेको बताइन् । प्राकृतिक प्रकोप, सरकार र स्थानीय समाजका कारण समस्यामा परेका सुकुम्बासी नागरिकलाई समाजले सहयोग गरिरहेको र उनीहरूको पक्षमा आवाज उठाइरहेको जिल्ला संयोजक राईले बताइन् ।

राधिका बिकको स्वागत एवम् जिल्ला सचिव तिलकुमारी चौधरीको सञ्चालनमा बालापुर खानेपानीभवन परिसरमा कार्यक्रम सम्पन्न भएको हो ।



## ठाउँको चर्चा

# सुदूरपश्चिमको गहना ‘पूरमचुली’



■ ऐनबहादुर सिंह

नेपाल सुन्दर, शान्त र प्राकृतिक दृष्टिले रमणीय, विश्वको सर्वोच्च शिखर सगरमाथालगायतका धेरै हिमाल असंख्य नदीनाला, ताल तलैया, छहरा, हरिया वनजंगल, भन्ज्याङ, चौतारी र लेकबेशीले सिंगारिएको देश हो। भौगोलिक दृष्टिले हिमाल, पहाड र तराईमा विभक्त यो देश गौतम बुद्धको जन्मभूमि र जनकको कर्मभूमिले विश्वमा नै चिनिएको छ। साँच्चै नै यो देश धार्मिक तथा पर्यटकीय स्थल क्षेत्रमा विश्वमा चिनिएको थोरैमध्येको एक हो। अनि सांस्कृतिक; भाषिक विविधताको सुन्दर फुलबारी हो भन्नुमा अत्युक्ति नहोला। देशकै सुदूरपश्चिम प्रदेशको कुरा गर्दा यहाँ थुप्रै मनमोहक रमणीय धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन्। बझाङ जिल्लाको सन्दर्भमा हेर्दा, बुङगल नगरपालिका वडा नं. ७ र दार्चुला मार्मा गापाको सिमानामा पर्ने पूरमचुली टाँकुरा पनि एक प्रमुख स्थल हो।

बझाङ बैतडी र दार्चुला जिल्लाको सिमानामा पर्ने पूरमचुली टाँकुरा ३४६२ मिटरको उचाइमा अवस्थित छ। हाल यो ठाउँ सिद्धनाथ देवताको धार्मिक स्थलका रूपमा पर्यटकीय क्षेत्रमा विकसित हुँदै गएको छ। यहाँ हाल सिद्धनाथको पैगोडा शैलीको मन्दिर काठ र ताम्रपत्रको प्रयोगबाट निर्मित भएको छ। यसको नजिकै चुचुरोमै नवआगन्तुकका लागि सामग्री सहितको आवासगृह तथा २० हजार लिटर क्षमताको आकासे पानी संकलन गर्ने ट्यांकी पनि निर्माण गरिएको छ। यस क्षेत्रको यो सबैभन्दा अग्लो चुली पनि हो। यो अपि हिमालको सामुन्नेमा देख्न सकिन्छ।



यस ठाउँमा पुग्न बझाङ जिल्लाको बागथला हुँदै बुङ्गल नगरपालिका वडा नं. ७ कफलसेरी भएर दहझार तालसम्म सडक बाटो भएर जान सकिन्छ भने त्यहाँबाट उकालो घोरेटो बाटो भएर चिल्ठा गाउँ हुदै नाइसी खर्क र सुगरखाली भएर चुचुरोसम्म पुग्ने बेलामा सिँढी चढ्नुपर्छ। यसको चुचुरोभन्दा तलबाट करिब एक कि.मि. सिँढी निर्माण गरिएको छ। चुचुरोमा पुगेपछि चारैतिरको मनमोहक दृश्य हेर्न सकिन्छ। विशेषगरी बिहानको सुर्योदय र साँझको सूर्यास्त हेर्दा इलामको अन्तु डाँडाभन्दा कम होला भन्न सकिन्न। यहाँबाट उत्तरतिर उच्च हिमश्रृंखलाहरू अपि हिमाललगायतका सुन्दर दृश्यहरू देख्न सकिन्छ। यसैले धेरै ठाउँको अवलोकन गर्न सकिने भएकाले यस क्षेत्रको पर्यटकीय महत्व बढ्दै गएको छ।

### ऐतिहासिक पृष्ठभूमि

बझाङ बैतडी र दार्चुला जिल्लाको संगम चुली भू-परिधिबाट उठेको पूरमचुलिको उचाई समुद्र सतहबाट ३४६२ मिटर रहेको छ। शिव महादेव कैलाशबाट आउँदा अपि हिमाल गाउँपालिका वाड नं. १ मा रहेको सिति महादेवको स्थानबाट पूरमचुली बास गरी बड्डिज्यावन पुगेको र साथमा काग आएको जौको दाना लिएर मेलको रुखमा छोडेको; पछि गोठालाले देखी तामाको मानो लिएर त्यसमा माडेको अनि मानो भरिएको पछि घरमा ल्याई तौलामा राखेको थियो। त्यो पनि भरिएको अनि उक्त परिवारले भरिएर खसेको दाना खान थाले। एकदिन एकजना पाहुना आउँदा अब रोटी पुग्दैन भने तौलीबाट झिकेर पिस्न थाले। त्यसपछि ताउलीको जौ अन्न घट्दै गयो। त्यस ताउलीको जौ छर्नेगरी ज्यावनमा जौ खेती सुरु भयो। त्यही जौले त्यहाँका देवताको पूजा लाग्ने भयो।

यसैगरी थानपाटनको फुलबारीबाट फूल ल्याई पूजा गर्ने चलन भयो भन्ने भनाइ रहेको छ। सिति महादेवको घुसामा पूजा गर्दा हातमा राखेर पूजा गरिने प्रसाद कागले अहिले पनि मान्छेको आजबाट टिपेर लैजाने गर्छ भनी त्यहाँका स्थानीय बासीहरूको भनाई रहेको छ।

### दहझार ताल र पूरमचुलीको सम्बन्ध

दहझार कुण्ड र पूरमचुलिको विशेष सम्बन्ध रहेको मान्यता रहिआएको छ। दहझार कुण्डमा स्नान गरी कमण्डलुमा जल लिएर पूरमचुलीमा पूजा गर्न जाँदा मनको सोचेको पुण्य मिल्ने जनविश्वास रही आएको छ। पूरमचुलीको जंगलबाट बाह्रसिंगे जरायो गाईको फौजमा आएर दहझार तालमा गएको त्यहाँ स्थानीयबासी एकजनाले गोली हान्दा मृगलाई कुनै चोट नलागेको अनि धेरै जनाले घेरा हाल्दा मृग भागेर गएको थियो भनि बुढापाकाहरू बताउँछन्। उक्त गोली हान्ने मान्छेको पछि नराम्रो हुँदै गएको थियो। वि.सं. २०१५ सालतिरको कुरा थियो त्यस तालको माछालाई एकजना भोटे बाखा वालाले मार्न खोज्दा पछि सर्प भएको थियो रे ! त्यसपछि उक्त भोटेका दुईवटा केटाकेटी र बाखाहरू पनि सखाप भएको कुरा सुनिन्छ। हाल उक्त तालको छेउमा मन्दिर वनाई तालको संरक्षण गरिएको छ। नागदर्शन दहझार तालको विशेषता हो उक्त कुरा मानस खण्ड स्कन्ध पुराणमा उल्लेख गरेको पाइन्छ।

> बझाङ, बैतडी र दार्चुला जिल्लाको सिमानामा पर्ने पूरमचुली टाकुरा तीन हजार चार सय ६२ मिटरको उचाइमा अवस्थित छ। हाल यो ठाउँ सिद्धनाथ देवताको धार्मिक स्थलका रूपमा पर्यटकीय क्षेत्रमा विकसित हुँदै गएको छ। परमचुली सिद्धनाथ धार्मिक तथा पर्यटकीय स्थल आफैंमा बहुमूल्य वनस्पति र जैविक सम्पदाले भरिपूर्ण धामको रूपमा परिचित छ।

बझाङ जिल्लाको बुङ्गल नगरपालिका वडा नं. ७ र ८; दार्चुलाको मार्मा गाउँपालिका वडा नं. १,२,३ र बैतडीको साबिकको कोटपेटरा गा.बि.स. वार्ड नं. २ को भू-धरातल बाट उठेको पूरमचुली पहाड अति सुन्दर ऐतिहासिक प्राचिन श्री पूरमचुली सिद्धनाथ धार्मिक तथा पर्यटकीय स्थल आफैंमा बहुमूल्य वनस्पति र जैविक सम्पदाले भरिपूर्ण धामको रूपमा परिचित छ। उक्त चुली नेपालकै रुख भएको उच्च चुलीको रूपमा रहेको छभन्दा अतियुक्ति नहोला। हिमालदेखि तराईसम्म कुनैपनि नदीले नकाटेको नछेकेको पहाडको रूपमा रहनु यस चुलीको प्रमुख विशेषता हो। यहाँबाट देखिने अत्यन्त मनमोहक दृष्यका कारण ओर्लिने क्रममा कतिपय यात्रीहरूमा पथभ्रम समेत हुने गरेको दृष्टान्त पाइन्छ।

अर्को किम्बदन्तीअनुसार भगवान शिव पार्वती कैलाश पर्वत जाँदा यस ठाउँमा बास बसेको विश्वास गरिन्छ। त्यसैले यस पुण्यधामको दर्शन गर्दा पुत्रलाभ प्राप्ती हुने विश्वाससमेत रहेको पाइन्छ। शुद्ध र सच्चा मनले सो देवभूमिमा आई पुजापाठ गरेमा घरमा शान्ति हुनुका साथै, शुभ लक्षण देखिने कुरामा भक्तजनको ठूलो विश्वास रहेको पाइन्छ। यस क्षेत्रमा प्रवेश गर्दा भक्तजनले धेरै कुराहरूको पालना गर्नुपर्ने हुन्छ। यहाँ पशुबली गर्न पूर्णरूपमा निषेध गरिएको छ; यसैगरी मध्यपान, मांशहार, जुठो सुतकमा प्रवेश निषेध; कम्तिमा एक हप्ताअघिदेखि सफा, शुद्ध हुनुपर्ने; फोहोरजन्य वस्तुको व्यवस्थापन र वन सम्पदालाई हानि हुने खालका कार्यहरू गर्न पूर्णरूपमा निषेध गरिएको छ। यस क्षेत्रको अर्को महत्वपूर्ण पक्ष भनेको सिद्धनाथ धार्मिक वन हो। यो पूरमचुली धार्मिक वन जिल्लाकै पहिलो वन हो। यसको क्षेत्रफल ५६.६ हेक्टर रहेको छ। यस वनमा विभिन्न जातका बहुमूल्य वन पैदावार र दुर्लभ वन्यजन्तुहरू पाइन्छन्। वनस्पतिमा पनि विभिन्न जातका सल्ला, भोजपत्र, गुराँस, निगालो, लौठ सल्ला, कापर पाइन्छन् भने दुर्लभ जडिबुटीमा पाँच औंले, कटुकी, सतुवा, चिराईतो, वन लसुन आदि पाइन्छन् यसैगरी वन्यजन्तुहरूमा कस्तुरी, मृग, बँदेल, भालु, चितुवा, थार, घोरल आदि हुन्छन् भने पंक्षिहरूमा डाँफे, कालिज, तित्रा, च्याखुरा आदि रहेका छन्।

यहाँको जंगलमा पाइने निगालोको चोयाबाट हजारौं स्थानीय बासीहरूले विभिन्न सामाग्री वनाएर हाटबजार, मेला, शिवरात्रीमा बिक्री वितरण गरी प्रशस्त आय आर्जन गर्ने गरेका छन्। यहाँबाट बैतडीको गोकुलेश्वर शिवरात्रि मेला र पुर्चौडी हाटको मेलासम्म पनि यी सामग्रीहरूको पुग्ने गरेका छन्। यो यहाँको एक आम्दानीको स्रोत पनि हो।

यहाँको वनको उपभोक्ता समितिमा बझाङ बुङगल नगरपालिका वडा नं ७ र ८; दार्चुला मार्मा गाउँपालिका लटिनाथ र गुल्जरका बासिन्दाहरू समेटिएका छन्। हालसम्म जम्मा उपभोक्ता घरधुरी संख्या ४६०० रहेका छन् भने तीन सयजनाभन्दा बढी आजीवन सदस्य रहेका छन्। यसैगरी साधारण सदस्यहरू २००० भन्दा बढी रहेका छन्। यहाँको प्रमुख समस्या भनेको पासा थापेर चोरी शिकार गर्ने रहेको छ।

### दृश्यावलोकन

यहाँबाट अपि हिमाललगायतका विभिन्न हिम टाकुराहरू; भारतको पिथौरागढका केही भाग र २/३ वटा जिल्लाका केही सुन्दर स्थलहरू देख्न सकिन्छ। यसैगरी अन्य हेर्नलायक दृश्यहरूमा दहझार ताल, नाइसी, चिल्ठा गाउँ, सुँगरखाली, पूरमचुली टाकुरा र यसको मन्दिर परिसर, वनजङ्गल र वनस्पतिको दृश्य, विभिन्न जंगली जनावरहरू, सूर्योदय र सूर्यास्तको दृश्य आदि रहेका छन्।

विभिन्न किसिमले हेर्दा पूरमचुली पर्यटनको गन्तव्य स्थल हो भन्न सकिन्छ यस स्थलका केही विशेषताहरू निम्नानुसार रहेका छन्-

हिमालदेखि तराईसम्म कुनै ठाउँमा नदिले नछेकेको अग्लो थुम्का।

रुख भएको नेपालकै सबैभन्दा अग्लो चुली।

कृषि, वन र धार्मिक पर्यटनको सम्भावना स्थल।

सुर्योदय र सूर्यास्तको सुन्दर दृश्य बोकेको स्थल तथा साँझ रातिसम्म सूर्य देख्न सकिने।

धार्मिक स्थल पूरमचुलीको विकास गर्नका लागि केही भावी योजनाहरू थपिँदै गइरहेका छन्। यस वर्ष १७ हजार सिँडि थप गरी धार्मिक पर्यटन मार्गको स्तरोन्नती गरिने छ भने तीन वटा मन्दिर तीनओटा पार्क र तीनवटा आवास गृह निर्माण गर्ने योजना रहेको छ। यसैगरी पर्यटकहरूको सुविधाका लागि विद्युत् लाइन माथि चुचुरोसम्म नै पुर्‍याउने लक्ष्य रहेको यसका भिजनकर्ता तथा उपभोक्ता समितिका सचिव विष्णु भक्त जोशीले बताएका छन्। यसैगरी बुंगल नगरपालिकाले यो क्षेत्रलाई पर्यटकीय स्थल घोषणा गरिसकेको छ। यसबर्ष भदौ १८ गतेदेखि २२सम्म सोही स्थानमा धार्मिक महोत्सव (पुजापाठ, मन्दिर प्रतिष्ठा, उदघाटन, भिडियो सुटिङ, समिति पुनर्गठन, धार्मिक प्रवचन, सांस्कृतिक भजन कृतन, वार्षिक भेला)आदि कार्य गरिएको छ भने मंसिर ११गतेका दिन गजुर चढाउने काम गरिएको छ र अब केही दिनमा नै यसको मूल प्रवेशद्वारमा ठूलो घण्टी (भाना)चढाउने काम हुदैछ यसका लागि देश विदेशबाट लाखौं रूपैयाँ चन्दा संकलन भइसकेको छ। वकिल सिंह ठगुन्नाजीको पूरमचुली गीति एल्बमको भिडियो पनि आइसकेको छ। अतः पूरमचुली विशेष महत्व बोकेको धार्मिक तथा पर्यटकीय स्थलका रूपमा विकास गर्नु आवश्यक भइसकेको छ। यसका लागि स्थानीय सरकार, बुद्धिजीवी, सञ्चारकर्मी, उपभोक्ता समिति आदिबाट पर्याप्त सहयोगको अपेक्षा गरिन्छ। अस्तु !

***(लेखक सिंह, श्री महेन्द्र आधारभूत विद्यालय बुंगल न.पा.६, हापेखोला बझाङमा कार्यरत छन्।)***

## कविता

### ए सरकार अपराधीलाई फाँसी दे !



कुसुम तिवारी पाठक

नारीलाई दुर्गा देविको रूपमा लिने यो हाम्रो नेपाली समाज।
ती कोपिला निमोठिँदा ए सरकार अझै पनि लाग्ने है लाज॥

ती सानी नानी सम्झेर मैले गह रूजाई लेख्दैछु कविता।
कहिलेसम्म हेरि बस्छौ भ्रष्टाचारी नेता अपराधी रमिता॥

पहिलाभन्दा आज भोलि मैले यो दुनिया धेरै भिन्न देख्छु।
घटना देख्दा मन थाम्न नसकेर मैले कलम उठाई लेख्छु॥

लगातार वर्षै पिच्छे दिनै पिच्छे बालिकाको हत्या हुँदैछ।
फुल जस्ता नानीहरूको बलात्कृत हत्या हुँदा यो मन रुँदैछ॥

कोपिलामै चुडिनुपर्ने हामीहरू कस्तो देशमा जन्म लियौं।
हे धर्तिमाता छोरीहरूलाई नजन्माइदेउन, किन जन्म दियौं॥

न्याय दे न्याय दे न्याय दे ए सरकार हामीहरू निःशब्द छौं।
अबोध बालिकाहरूको न्यायको लागि सधैं लडिरहन्छौं॥

न्याय नपाए गोर्खा जानु भन्ने गर्थे हाम्रा बुढापाकाले।
त्यै गोर्खाबाट न्याय दे भन्दै रोएको देख्यौ आज यिनै आँखाले॥

गृहमन्त्रीलगायत अन्य नेता ज्यूहरू त्यही जिल्लाको हुनुहुन्छ।
मेरि फुल जस्ती नातिनी कता गै, खै भन्दै हजुरआमा रुनुहुन्छ॥

हे भगवान बाबा र आमा हामी सबैलाई मन थाम्ने शक्ति देऊ।
तिमी आफै सृष्टिगरी ती बालिकाको अनयासै प्राण किन लियौ॥

एक्लै-एक्लै हिँड्न र पढ्न गारो भयो नि अबोध छोरीहरूलाई।
मुटुमा घाउ लिएर कसरी बाँच्नी ती आमा जिन्दगी भरीलाई॥

हे भवगान यस्ता नेताहरू भ्रष्टाचारीलाई देशबाट मासिदेऊ।
जधन्य अपराधगरी हत्या गर्नेलाई ए सरकार छिट्टै फाँसी देऊ॥
ए सरकार छिट्टै फाँसी देऊ॥

## तीन मुक्तक



राजेश भट्टराई

१.
पटक्कै दुखाउदिन तिम्रो चित्त, खुलेर नै बोल
हल्का हुन्छ मन, क्रमशः पीरको गाँठो खोल
म परेँ अरूको घाउमा, मलहम लगाउने मान्छे
जतिसक्यो छिटो भन बरू, मन अन्त नडोल॥

२.
ईर्ष्या गर्दैछ चन्द्रमाले, तिम्रो यो रूप देखेर
भन्थ्यो ‘कम राम्री बन्न भन् न’, मलाई भेटेर
डर छ उसलाई, कतै फेल हुन्छु कि भन्ने
पोख्दैछ रिस, आफूले आफैलाई ह्याकेर॥

३.
आउँदैछु तिमीलाई लिन, तयार भएर बस्नु
साँचो माया गर्छेउ भने, आलिङ्गनमा कस्नु
नत्र भने दुत्कार्दै धकेल्नु, सधैं सधैंको लागि
जिन्दगीभर दुखाइरहने, चौटै चोटले डस्नु॥

## तपाईंको राशिफल

मेष : लामो यात्रा सफल हुनेछ। आकस्मिक धन लाभको योग छ।

वृष : अनावश्यक काममा समय खर्च हुनेछ। काममा रुकावट आउनेछ।

मिथुन : स्वास्थ्य राम्रो हुनेछ। अनावश्यक जिम्मा लिनु हुँदैन।

कर्कट : सबै कार्यमा धैर्यता जरुरी हुन्छ। मुद्दा मामिलामा सफलता मिल्नेछ।

सिंह : शुभ समाचार प्राप्त हुनेछ। स्वास्थ्यमा सुधार आउनेछ।

कन्या : कार्यहरुमा अनुकूल प्रगति हुनेछ। पदोन्नतिको योग छ।

तुला : परिवारबाट लाभको योग छ। सबै कार्यमा सावधानी आवश्यक छ।

वृश्चिक : स्वास्थ्यमाथि ध्यान दिनु होला। दैनिक आय राम्रो रहनेछ।

धनु : प्रभाव बढ्ने योग छ। खानपानमा सावधानी राख्नुहोला।

मकर : दैनिक कार्यमा प्रगति हुनेछ। जनसम्पर्कमा वृद्धि हुनेछ।

कुम्भ : अनावश्यक खर्चले अशान्ति दिनेछ। धन-लाभमा कमी आउनेछ।

मीन : सबै कार्यमा सावधानी राख्नुहोला। लामो यात्रा नगर्नुहोला।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# ‘मार्चिस’ले देखाएको बाटो

कथा



■ ओम बस्नेत

“नेपाली है ?”, पुलिसले सोध्छ आसाम यातायातको सिलगडीदेखि गुवाहाटी जाने सरकारी बसमा यात्रा गर्दै गरेको जंगेलाई।

“जिउ हो”, भन्छ जंगे।

पुलिसले भन्छ, “बाहार आओ अपना बेग लेके।”

बेग चेपेर बसबाट बाहिर निस्किन्छ जंगे। बिहानको तीन बजेको छ। नेपाली पैसेन्जर छ की छैन भनेर चेक गर्छ श्रीरामपुर गेटमा आसाम पुलिसले। जंगे त्यो आसामिस पुलिसको पछि-पछि जान्छ। बस स्टार्टमैं थियो। पुलिस चौकीमा ओसी साहेबले फेरी प्रश्नको खोइरो उत्तार्छ।

ओसी, “कहाँ जा रहा है ?”

जंगे, “गुवाहाटी।”

ओसी, “नेपाली है ?”

जंगे, “जिउ हुनु त नेपाली नै हाये तर, सिक्किमबाट पो आउँता है।”

ओसी, “पास है, आईएलपी है ?”

जंगे छक्कै पर्‍यो र डराउँदै भए पनि पुलिससलाई सोध्यो, “सिक्किम भी इन्डिया हे अन्त आपका आसाम चै इण्डिया नही हे ?”

ओसी “तुम्हारे पास क्या पेपर है ? कुछ है तो दिखाओ न” जंगेले झोलाबाट सिक्किम सब्जेक्ट झिकेर देखाऊँछ। बिजुली मधुरो छ थानाको। टोर्च लाइट लगाएर हेर्छ ओसीले सिक्किम सब्जेक्ट।

“तुम्हारा नाम क्या है ?” ओसीले सोध्छ।

“जंग बहादुर बस्नेत, पिताजीका नाम श्री खडानन्द बस्नेत।”

“ये क्या है भाई इसमे तुम्हारा फोटो कहाँ है ?”, अर्को प्रश्न।

जंगे के भनौ भनौ हुन्छ।

“साले झूठ मुठका पेपर दिखाता है अन्दर करो इसको” भनेर सिपाहीलाई अर्डर दिन्छ।

बस कन्डक्टर आएर पुलिसलाई “क्या करें सर ये हमारा पैसेंजर है” भन्छ।

